हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट् दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : १६ पृष्ठ : ४ २०७७ साउन १६ गते शुक्रबार (Friday 31 July 2020) www.lahanpost.com मूल्य रु. ५।-

## जन्मदिनमा दलित बस्तीमा इनार

**लहान पोस्ट् संवाददाता**



**लहान ।** नेपाली काँग्रेस जिल्ला कार्यसमिति सिरहाका सदस्य तथा लहान नगरका पूर्व नगर सभापति महेश चौधरीले आफ्नो जन्मदिनको अवसरमा दलित बस्तीमा इनार निर्माण गराएका छन्। सो इनारलाई उनले बिहिबार आफ्नो जन्मदिनकै दिन उद्राटन गरेको हो।

चौधरी पत्नी संगिता कर्माचार्यसँगै केहीदिन अघि लकडाउनमा छाकटार्न समस्या भोगिरहेका लहान नगरपालिका २४ पक्कीटोल स्थित राहत बाड्न पुगेका थिए। कर्मचार्य नेपाली काँग्रेस भगिनी संगठन नेपाल महिला संघकी केन्द्रिय सदस्य हुन्। त्यहाँ खानेपानीको समस्या रहेको स्थानीयले सुनाएपछि उनीहरु बस्तीमा इनार बनाइदिने प्रतिबद्धता जनाएको थियो। सो प्रतिबद्धता अनुसार इनार निर्माण गराएर जन्मदिनको अवसरमा उद्राटन गरेका छन्।

आफ्नो आर्थिक लगानी, स्थानीयको जनश्रमदान र अन्य व्यक्तिको सहयोगबाट बस्तीमा इनार निर्माण गराएको चौधरीले सुनाए। त्यस इनारबाट ३५ घरपरिवार लाभान्वित भएका छन्। खानेपानी र सिँचाईका लागि पनि पानी उपयोग गर्न पाउँदा स्थानीयहरु खुशी व्यक्त गरेका छन्। सुख्खा मौसममा यहाँ पानीको सधैँ हाहाकार हुन्थ्यो। इनार भएपछि राहत मिल्ने स्थानीयवासीले बताए। चौधरी यसकार्य सँगै लकडाउनको क्रममा लहान नगरपालिका दलित बस्ती-बस्तीमा पुगेर राहत बाडेका थिए।

## लायन्स क्लबद्वारा स्वास्थ्य सामग्री वितरण



**लहान ।** लायन्स क्लब अफ लहान सिटिले बिहीबार कोरोना भाइरस (कोभिड-१९) व्यवस्थापन सहयोग सेवा कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य सामग्री प्रदान गरेको छ। क्लबले १५ सेट पीपीई, छ हजार सर्जिकल माक्स र १५ लिटर सेनिटाइजर वितरण गरेको हो।

इलाका प्रहरी कार्यलय, लहानलाई एक हजार मास्क र पाँच लिटर सेनिटाइजर, जिल्ला ट्राफिक कार्यलय, लहानलाई नौ सय मास्क र पाँच लिटर सेनिटाजर, सशस्त्र प्रहरी बल, लहानलाई आठ सय मास्क र पाँच लिटर सेनिटाइजर, राउ स्मारक अस्पताल, लहानलाई ११ सेट पीपीई, लहान क्यान्सर केयर सेन्टरलाई चार सेट पीपीई वितरण गरिएको छ।

यसअघि लायन्सहरुले लहानको मुख्य चोक, तरकारी बजार र मुख्य बजाररपुरानो बजार परिक्रमा गरि सर्वसाधारणलाई सचेतना गराउदै तीन हजार ३०० मास्क वितरण गरेको बताइएको छ।

लायन्स क्लब अफ लहान सिटिका अध्यक्ष सुदिपकुमार चौधरी, जिल्ला उध्योग वाणिज्य संघ, लहान, सिराहाका अध्यक्ष अशोकलाल अमात्य, इलाका प्रहरी कार्यालयका प्रमुख डिएसपी शरद थापा, सशस्त्र प्रहरी बल, लहानका प्रमुख डिएसपी डम्बर राणा, एरिया कोअर्डिनेटर लायन चक्रपाणी दहाल, जोन चेयरपर्सन रियासत लिमि, एडिसनल क्याविनेट ट्रेजरर लायन धरणिधर अधिकारी, लहान स्थित जेनरल अस्पतालका प्रमुख सुनिल कुशवाहा, सप्तऋषि अस्पतालका प्रमुख डा. सुबासबाबु साह, पूर्व अध्यक्ष विकास सारदा, जिल्ला ट्राफिक कार्यलयका प्रतिनिधि, लगायत क्लबका पदाधिकारीहरु, सदस्यहरुसहित सुरक्षाकर्मीहरु, पत्रकार, विशिष्ट व्यक्तिहरु लगायतको उपस्तिथिमा सो सामग्री वितरण गरिएको छ।

## जनता समाजवादीमा सैयौँ जना प्रवेश




**लहान ।** सिरहाको गोलबजार नगरपालिकामा नेकपा, नेपाली काँग्रेस र राप्रपालगायत पार्टी परित्याग गरी जनता समाजवादी पार्टीमा सैयौँ जनाले प्रवेश गरेका छन्।

बिहिबार पार्टी प्रवेश कार्यक्रममा उनीहरुलाई जसपाका अध्यक्ष उपेन्ऽ यादव र वरिष्ठ नेता डाक्टर बाबुराम भट्टराईले उनीहरुलाई अबिर माला लगाएर स्वागत गरेका छन्। नवप्रवेशीहरुमा अबीरमान थापा,भरत खड्का, बद्री शाही, श्रीप्रसाद यादव लगायतहरु छन्।

**भ्रष्टाचारीलाई संरक्षण गर्दै सरकार : डाक्टर भट्टराई**

जनता समाजवादी पार्टी नेपालका नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सरकार भ्रष्टाचारीको संरक्षक बनेको आरोप लगाएका छन्। पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै नेता भट्टराईले भ्रष्टाचारका काण्डैकाण्डका मतियारहरूलाई सरकारले संरक्षण गरिरहेको आरोप लगाएका हुन्। उनले भने, समृद्ध नेपाल, सुखी नेपालीको नारा दिँदै सरकारले सुनकाण्डदेखि कोरोना कहरका बीचमा औषधि खरिद काण्डसम्मका मतियारलाई संरक्षण गरेर देशलाई डुबाउन लाग्यो। सिंगो विश्व नै कोरोना महामारीको चपेटामा परेको वेला सरकार भने भ्रष्टचारीको संरक्षणमा लागेको उनको आरोप छ।

कार्यक्रममा उनले विश्वको पहिलो शक्तिराष्ट्रको दिशामा उन्मुख हुँदै गएको चीन र तेस्रो शक्तिराष्ट्र भारतको बीचमा रहेको नेपालले दुवै देशबाट व्यावसायिक फाइदा लिन सक्नुपर्ने बताए। त्यसो हुँदा मात्र मुलुक समृद्ध बनाउन सकिन्छ, उनले भने, छिमेकी तथा मित्रराष्ट्रहरूलाई चिढ्याएर मुलुक समृद्ध बन्न सक्दैन।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीको उट्प्याङ कुराले छिमेकीसँगको सम्बन्धमा दरार पैदा भएको पनि बताए। उनले भने, प्रधानमन्त्री बोल्न उभिँदा अब के उटप्टयाङ बोल्ने हुन् वा कसलाई चिढ्याउने हुन् भन्ने आशंका हुन्छ। प्रधानमन्त्रीको त्यही उट्पयाङ शैलीले वैदेशिक सम्बन्ध धरापमा परेको उनले बताए। उनले भने, प्रधानमन्त्रीको शैलीले संघीयतासमेत धरापमा पर्ने जोखिम बढेको छ।

**मुलुक धराशायी : यादव**

कार्यक्रममा पार्टीका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले प्रधानमन्त्री संसद्को रोष्ट्रममा उठेर बोल्न खोज्दा अब के बोल्ने हुन् भन्ने कुराले मन चिसो हुने गरेको बताए। प्रधानमन्त्री जस्तो व्यक्तिले छिमेकी तथा मित्रराष्ट्रलाई सधैँ चिढ्याउने गरी उटपट्याङ बोल्ने गरेकाले परराष्ट्र सम्बन्ध बिग्रिन थालेको छ,ऽ यादवले भने, कोरोनाले थला परेको मुलुक सरकारको कारणले थप धाराशायी बन्दै गएको छ।

## मृत अवस्थामा भेटिए मुखिया

**लहान।** सिरहा नगरपालिका १० पदमपुर स्थित निर्माणाधिन कल्भर्टमा एक जना मृत अवस्थामा बिहिबार भेटिएको छ।

बिहान शव हेरेपछि स्थानीयले प्रहरीलाई खबर गरेको थियो। मृत अवस्थामा भेटिएको व्यक्ति सोही वडाका ५० वर्षीय झगरु मुखिया रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी विनोद घिमिरेले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए।

**पत्रपत्रिका मागेर होइन, किनेर पढ्ने बानी बसालौँ ।**

जनहितमा जारी
लहानपोस्ट् दैनिक पत्रिका



## सम्पादकीय

# श्रेस्ता अद्यावधिक गर्न पहल गरियोस

जमिन उत्पादनको प्रमुख स्रोत र साधान पनि हो । जमिन अथवा भूमि आर्थिक सामाजिक प्रतिष्ठा प्रतिक पनि हो । भूमिले सामाजिक संरचनाको निर्माणमा निर्णायक भूमिका खेलेको पाइन्छ । भूमिका लागि अनेकौं खेल भए तथा हजारौं मुद्धा लडिएका दृष्टान्तहरु समेत छन् । भूमिकैं लागि उपनिवेशवाद र औपनिवेशवाद शासन इतिहासका पानामा अंकित भए । भूमि प्राचीनकालदेखि आधुनिक सभ्य संसारका लागि कलह र युद्धका लागि एक प्रमुख कारक तत्व बन्दै गएको छ ।

कृषि उत्पादनमा आधारित रहेको समाजभित्र सामाजिक बिग्रहको कारण भूमि पनि हो । यस्ता समाज भएका राज्यको प्रमुख समस्या नै भूमिको समुचित व्यवस्थापन नै हो । भूमिको समूचित समाधान वा व्यवस्थापन भन्नाले नेपाललगायत अन्य देशमा भूमिसुधारको रुपमा चिनिन्छ । नेपाल आधा शताब्दिदेखि भूमिको समुचित व्यवस्थापन गर्न असफल रहेको देखिन्छ ।

नेपालको इतिहास अध्ययन गर्दा यहाँ आदिम समाज आर्थत घुमन्ते युग इसापूर्व ७ सय भन्दा अगावै सकिएको ठम्याउन सकिन्छ । यसपश्चत् गोपाल वा महिषपालहरुको अस्तित्वमा आएको देखिन्छ । इशाको पाँचौं शताब्दितिर पुग्दा पशुपालनको स्थान व्यवस्थित खेतिपाती व्यवसायले लिएको पाइन्छ । यसैबेलादेखि भूमि प्रमुख सम्पत्तिको रुपमा विकसित भयो । भूमि प्रमुख सम्पत्ति भएपश्चात भूमिदानको परम्परा सुरु भयो । बञ्जी गणपति मानदेवले भूमिको विस्तारनिम्ति युद्ध गरे र विजयी मानदेवले सामन्ती राज्य निर्माण आरम्भ गरे । मानदेवको पालादेखि भूमिकर राज्य पक्षबाट लागू गरियो ।

प्राचीन नेपालमा सेरा, गुठी, विर्ता, जागिर र रैकर गरी पाँच प्रकारका भुमि स्वामित्वको व्यवस्थापन गरियो । रैकर भूमिका स्वामीहरुले भूमि उत्पादनवापत राज्यलाई कर बुझाउनुपर्ने व्यवस्था गरेता पनि यस वर्गमा पर्नेहरुले जीवन जीविका निम्ति नयाँ भू–भाग खेतीयोग्य बनाउँदै गए । तर राज्य पक्षले विर्ता र जागिर का लागि यिनीहरुबाट खोस्दै गए । राज्य पक्षबाट यसको शिकार मधेसका भूपति र जमिन्दारहरु पनि बन्नुपर्‍यो । पछि संस्थास्तरमा पहाडी जनसंख्यालाई तराईमा ल्याई मधेसमा पुनर्बास गराउन राप्ती घाटी विकास योजना १९५४, झापा पुनर्बास, नवलपरासी, राराताल, सर्लाही, कन्चनपुर पुनर्बास आयोजना गठन गरी गौचर भूमि, सार्वजनिक, ऐलानी पर्ति, नदी किनारका खाली जग्गा वितरण गरिएको थियो ।

भूमिलाई व्यवस्थित गर्न सरकारले भूमि सम्बन्धी ऐन, २०२१ ल्यायो । ऐनले जग्गावाला, विर्ता जग्गा, जमिन्दारी जग्गा, किपट, मोही जग्गा र कुत लाई परिभाषित गर्दै प्राप्ति र उपभोगको व्यवस्था गर्‍यो । तर ऐन र नियमावली अनुसार पनि जग्गाको विषयमा व्यवस्थापन गर्न अझैपनि धेरै उल्झनहरु छन् । भूमिको मुद्धा सुल्झाउन नसकिएका पाटाहरु छन् ।

यसको ज्वलन्त उदाहरण लहानका बहाल विटौरी र गाउँब्लक जग्गाको श्रेस्ता अद्यावधिक गर्नुपर्ने र जग्गा फुकुवाको माग गर्दै बुधबार मालपोत कार्यालय घेराउ गर्नुलाई लिन सकिन्छ । लहान नगरपालिका अन्तर्गत रहेको गाउूब्लक जग्गाहरु २००४ सालमा नापी गरी श्रेस्ता कायम गरिएको थियो । त्यस जग्गा मध्ये बजार क्षेत्रको सिंगराही मटिअर्वा ,बैरिया गोपालखोन्ही र रघुनाथपुर मौजामा पर्ने जग्गा तत्कालिन सरकारले भन्सार विभागबाट २०१० सालमा बहाल बिटौरी लगाउने गरि नापी भएको थियो ।

सो जग्गाको नापी श्रेस्ता कायम गरी लगतका आधारमा वार्षिक बालबिटौरी असुल तहसिल गर्न स्थानीय निकाय तत्कालिन लहान बजार आदर्श गाउू पन्चायतलाई श्रेस्ता हस्तातरण भए अनुरुप स्थानीय निकायले बालबिटौरी असुल तहसिल गर्दै आएको छ । सरकारको नीति अनुरुप २०२६ सालमा नाप नक्सा हुदा खाली जग्गा नाप नक्सा गरी जग्गाधनीलाई दर्ता श्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा समेत वितरण गरिएको थियो । बहाल विटौरी र गाउूब्लक जग्गाको श्रेस्ता अद्यावधिक गर्ने कार्य अगाडि नबढाएको भन्दै लहानमा पटक पटक मालपोत कार्यालयमा ज्ञापन पत्र र घेराउ हुँदै आएको छ । पछिल्लो घेराउ त्यस्कै निरन्तरता हो । तसर्थ वर्षौ पुरानो यो समस्या सुल्झाउन सबै पक्षबाट पहल हुन जरुरी छ । बेलैंमा पहल होस । र समस्या समाधान गरियोस ।

# दलित शब्द होइन, व्यवहार र आचरण परिवर्तन गरौँ

**राजेश हमाल**




सुर्खेतमा फिल्म सुटिङको क्रममा म सुर्खेत पुगेको थिएँ। सुटिङ हुनुभन्दाअघि म गाउँको एउटा सामान्य घरभित्र बसेको थिएँ । म बसेको ठउँमा थुप्रै मानिसहरु आएर झुम्मिनुभयो। कतिले कुरा गर्नुभयो, कतिले फोटो खिच्नुभयो र फर्कनुभयो। तर, मेरो ध्यानचाहिँ एउटा व्यक्तिमा थियो।

ती व्यक्ति लामो समयदेखि ढोकाको संघार बाहिर टुसुक्क बसिरहेका थिए। कति मानिसहरु भित्र आए गए। तर, ती व्यक्तिले मलाई हेरिमात्र रहनुभयो।

पछि मैले उहाँलाई बोलाएँ, किन त्यहाँ त्यसरी बसिरहनुभएको हो ? आउनुस्, फोटो खिच्ने हो कि कुरा गर्ने हो, गर्नुस्।

उहाँको अनुहार रातो भयो। अक्मकिँदै बोल्नुभयो, अलि मिल्दैन कि [ मिल्दैन। मैले हाँस्दै भने, छोडिदिनुस् यी सब । खुरुक्क आउनुस्। त्यसपछि उहाँ मसँग आएर बस्नुभयो । कुरा गर्नुभयो। उहाँ दलित समुदायको हुनुहुँदो रहेछ । हाम्रो थोर बहुत घनिष्ठता पनि बढ्यो।

त्यसपछि हाम्रो सुटिङ सुरु भयो । छायांकन सकिएर प्याकअप हुँदै थियो। उहाँ फेरि त्यहीँ देखिनुभयो। उहाँको हातमा एउटा पोको थियो। नजिकै आएर भन्नुभयो, तपाईंका लागि मैले खानेकुरा पकाएर ल्याएको छु। स्वीकारिदिनुस् न।

त्यो कुरा मलाई यसकारण पनि महत्वपूर्ण लाग्छ कि सम्बन्धित व्यक्तिको व्यवहार र आचरणले नजिक आउन डराएको मान्छेले पनि खाना पकाएर ल्याउने बनायो । यसले मलाई शिक्षा पनि सिकायो।

यहाँ दलित शब्द हटाउने वा नहटाउने भन्नेजस्ता प्रश्न पनि उठे । तर, दलित शब्दमा के छ र त्यस्तो हटाउनुपर्ने ? दलित शब्द आफैंमा नराम्रो होइन। हटाउनुपर्ने त हाम्रो व्यवहार हो र हाम्रो व्यवहार हो।

हाम्रो संस्कृति, परम्परा, रहन–सहन धर्ममा भएको विभिन्न कुप्रथामध्ये सबैभन्दा चित्त नबुझेको कुरा भनेको जातका आधारमा एउटा मान्छेले अर्को मान्छेलाई गर्ने भेदभाव र अमानवीय व्यवहार हो। र, यसो गर्नुमा कुनै तर्क पनि भेटेको छैन।

म पनि यही समाजको उपज हुँ। मेरा बुबा मुमाहरुले पनि केही हदसम्म त्यो कुरीतिलाई अपनाउनुभयो होला। तर, मेरा बुबा मुमा असाध्यै प्रगतिशील हुनुहुन्थ्यो । त्यसैले यसबारे हामीलाई कुनै दबाव दिनुहुन्थेन। यसमा मलाई गर्व लाग्छ। यसको एउटा उदाहरण सुनाउँछु।

म त्यस्तै ४/५ वर्षको थिएँ। मेरो घरमा सहयोगीका रुपमा त्यस्तै २२/२४ वर्षकी महिला हुनुहुन्थ्यो। मैले उहाँलाई तँ भनेर सम्बोधन गर्थें। एकदिन बुवाकै अगाडि मैले तँ भनेर सम्बोधन के गरेको थिएँ, उहाँले कानमा समाएर घिसार्दै ती सहयोगीका अगाडि पुर्‍याउनुभयो र भन्नुभयो अब आफूभन्दा ठूलोलाई कहित्यै तँ भन्दिनँ भनेर माफी माग्।

मैले यस्तैखालको प्रशिक्षण पाएका कारण पनि ममा विभेदविरुद्धको चेतना आएको हुन सक्छ । र, अहिले मैले दलितको मुद्दामाथि जातको प्रश्न भन्ने कार्यक्रम चलाउने शौभाग्य पाएको छु। यसलाई मैले मात्र प्रस्तोताका रुपमा म यो कार्यक्रममा आएको होइन । आत्मसाथ गरेरै म यो मुद्दामा आएको हो।

जातीयता समस्याको समाधान त्यही समुदायकाले मात्र हल गर्नुपर्छ भन्ने पनि होइन। कुनै पनि समुदायमा परिरहेको समस्यामा त्यो समुदायको एक्लो पहलले उठ्नका लागि त्यति सजिलो हुँदैन । त्यसका लागि अरुको पनि जरुरत पर्छ। किनकि, एउटा व्यक्ति वा समुदायलाई त्यो अवस्थामा पुर्‍याउनका लागि सबैको भूमिका हुन्छ । त्यसैले यसको निकासका लागि पनि भूमिकाको जरुरत पर्छ। जस्तो कि महिलाको समस्या समाधान गर्नका लागि महिलाको मात्र एक्लो पहल सम्भव छैन।

दलित समुदायको समस्या समाधानका लागि केही कानुन बनेका होलान्। विडम्बना के छ भने कानुनमा लेख्न जति सजिलो हुन्छ। व्यवहारमा उतार्न त्यति नै गाह्रो हुँदो रहेछ। मानिसको त्यो मनोविज्ञानलाई मेटाउनका लागि त्यति सहज रहेन छ। कानुनलाई व्यवहारमा खरोरुपमा उटार्न नसकेका कारण पनि पनि यस्ता अमानवीय घटनाहरु यथावत रहेका हुन् कि।

भर्खरै मात्र भएको रुकुमको घटनालाई नै उदाहरण लिऔं।

जातीय अहंकारबाट एउटा समुदायले अर्को समुदायलाई त्यसरी क्रुर व्यवहार र हत्यासम्म गर्ने आँट कसरी आउँछ त ? जो कानुनको रक्षक हुनुहन्छ, उहाँहरुले नै यो मुद्दामा त्यति गम्भीर हुनुहुन्न ? फितलो किसिमले हेर्नुहुन्छ कि भन्ने दृष्टिकोणले पनि उहाँहरुलाई त्यस्तो आँट आएको पनि हुन सक्छ। अन्तरजातीय विवाहका आधारमा हत्या भएका अजित मिजारको शव पाँच वर्षदेखि टिचिङ अस्पतालमा लावारिस छ । यसरी पाँच वर्षसम्म रहनुको कारण के हो ? कुनै न कुनै पक्षमा निर्णय त हुनुपर्ने हो । यसले समाजमा के नजिर बसेको छ भने यो मुद्दामा कानुन जति गम्भीर बन्नुपर्ने हो त्यति बनेको छैन । यसलाई सबै व्यक्तिहरुले गम्भीरतापूर्वक मनन गर्नुपर्छ। कानुनमा भएको कुरालाई सतप्रतिशत कार्यान्वय गर्न तुरुन्तै लाग्नुपर्छ।

मेरो व्यक्तिगत कुरा गर्दा कुनै त्यस्तो समुदाय छैन होला, जसको प्रतिनिधित्व गरेर मैले अभिनय गरेको छु। हिमालको शेर्पादेखि, तराईको किसानसम्म, भरियादेखि दलितसम्मको भूमिका निर्वाह गरेको छु। जब कुनै एउटा अभिनेताले अभिनय गर्छ, त्यो कलाकारितामा मात्र सीमित रहँदैन।

कलाकारले चरित्र गर्ने पात्रको भावना, भोगाइ, कठिनाइहरु कहीँ उसको मन मस्तिस्कमा तैरिरहेको हुन्छ। कतै न कतै अवचेतन मस्तिष्कमा बसिरहेको हुन्छ। फलामको काम गर्ने पात्र भएर अभियन गर्दा उहाँहरुकै घरमा गएर छायांकन गरिरहेको छु। उहाँहरुसँगै बसेर खाना खाएका छौँ।


त्यतिबेला उहाँहरुको घरमा हामीलाई हेर्नको लागि गाउँभरिका मानिस भेला भएका हुन्थे । त्यतिबेला फलामको काम गर्ने दाइले खुशी हुँदै भन्नुहुन्थ्यो, मेरो घर त सधैं खाली हुन्थ्यो, कोही पनि आउनुहुन्नथ्यो तपाई आएर त पुरै गाउँ नै मेरो घरमा आयो।

त्यसैले, दलित समुदायको मानिसको घरमा जानेवित्तिकै रोग लाग्ने वा मृत्यु भइहाल्ने त होइन रहेछ। परम्पराबाट आएको एउटा मनोविज्ञान र कुप्रथाले मात्र निर्देशित गरेको रहेछ । यस्तो मनोविज्ञानलाई नै हटायो भने त कुनै समस्या नै रहँदैन।

तर, जात रङ, पृष्ठभूमिको आधारमा मानिसमाथि अमानवीय व्यवहार देखिइरहेकै छ । यसको कहिले जरैदेखि उखेलिएर समाधान हुन्छ ? यो असाध्यै ठूलो प्रश्न हो। यद्यपि हाम्रो कर्तव्य भनेको यसबारे छलफल गर्ने, बोल्ने र जनतामा भेदभावको कुरालाई उजागर गरिरहने हो।

(बिहीबार काठमाडौंमा आयोजित जातको प्रश्न विषयक टेलिभिजन सम्वाद कार्यक्रममा चलचित्रकर्मी हमालद्वारा व्यक्त विचारको सम्पादित अंश)

## सूचना



बर्सेनि साउन महिनाभर काभ्रे कपलेश्वर बोलबम यात्रामा आउनु हुने भक्तजनहरुलाई यसवर्ष विश्वभर फैलिएको कोरोना महामारी र लकडाउनका कारण मन्दिरमा पुजाआजा र दर्शन कार्य बन्द गरिएकोले भक्तजनहरुलाई नआउनहुन आग्रह गर्दछौं। यसवर्ष मन्दिरमा पुजाआजा र दर्शनमा रोक लगाइएको छ।

**काभ्रे कपलेश्वर मन्दिर व्यवस्थापन समिति**

**लहान नगरपालिका-१६,सिरहा**

# देउवा–पौडेल सम्वाद : धन्यवाद रामचन्द्रजी मेरो हजार भोट बढ्यो




**काठमाडौं ।** पार्टी महाधिवेशनको मिति तोकिसकेपछि सभापति शेरबहादुर देउवाले विभागहरू गठन गरेको भन्दै रामचन्द्र पौडेल समूहले विरोध गर्दै आएको छ।

पौडेल समूहले बुधबार पार्टी कार्यालय सानेपामा भेला गरेर आपत्ति जनायो । तर पार्टी सभापति देउवाले भने यसलाई महाधिवेशन राजनीति भनेका छन्।

देउवा–पौडेल समूहको भेट

लिखित रुपमै सभापतिको ध्यानाकर्षण गराउने भेलाको निर्णयअनुसार वरिष्ठ नेता पौडेलले सभापति देउवासँग भेटको समय मिलाए। बिहीबार विहान साढे १० बजेको समय दिएका सभापति देउवा, उपसभापति विमलेन्ऽ निधि, विजयकुमार गच्छदार, महामन्त्री पूर्णबहादुर खड्का लगायतका नेताहरू राखेर बसेका थिए।

वरिष्ठ नेता पौडेल पनि पार्टी महामन्त्री शशांक कोइराला, नेताहरू मिनेन्द्र रिजाल, चन्द्र भण्डारी लगायतका नेताहरुसहित सभापतिको कार्यकक्षमा पुगे । नेताहरु पुग्नासाथ देउवाले ठ्टटा गरे, (आफ्नो सिट अगाडिको सोफा देखाउँदै .) सबै साथीहरूलाई साइड लगाएर तपाईहरूका लागि खाली गरेको छु।

पौडेल पक्षका एक नेताले विमलेन्द्र निधि र विजय गच्छदार त हुनुहुन्छ नि भन्दै ठट्टा गरे।

त्यसपछि वरिष्ठ नेता पौडेल मुद्दामा प्रवेश गरे र, ध्यानाकर्षण पत्र पढेर सुनाउने बताए । तर सभापति देउवाले पढ्नु नपर्ने बताए । तपाईहरू पनि अधिवेशनको राजनीति गर्न आउनु भएको हो, म पनि अधिवेशनको राजनीति गर्दैछु देउवाले भने, पढ्नु पर्दैन, म भोलि अखबारमा पढिहाल्छु नि।

तर वरिष्ठ नेता पौडेलको पढ्न भनेपछि केन्द्रीय सदस्य जीवन परियारले चार पेजको पत्र पढेर सुनाए। जसमा पार्टीको १४ औं महाधिवेशन स्वतन्त्र, निश्पक्ष र धाँधलीरहित ढंगबाट सम्पन्न हुने आधार हराउँदै गएको उल्लेख छ।

पार्टीको विधानअनुसार ६ महिनाभित्र गठन गर्नुपर्ने विभागहरु १४ औं महाधिवेशनको कार्यक्रम अगाडि बढिसकेपछि बनाउनु विधान उल्लंघन भएको पौडेल समूहको ठहर छ । हाल गठन भएको विभाग स्वीकार नगर्ने र सहयोग पनि नहुने पौडेल समूहले बताएको छ।

आगामी फागुनलाई तय भएको पार्टीको महाधिवेशन प्रभावित गर्ने कुत्सित मनसायले विभाग गठन भएको भन्दै पत्रमा भनिएको छ, यसमा हाम्रो गम्भीर आपत्ति छ र यो अस्विकार्य छ। यस्ता कार्य तत्काल बन्द गरियोस् र त्यस्ता निर्णय तत्काल खारेज गरियोस्। पार्टी प्रवेश गर्नेहरूको नाममा केन्द्रले आफूखुसी एकमुष्ट त्रियाशील सदस्य बाँड्ने र दशकौंदेखि रगत पसिना बगाएकाहरूलाई अन्यायमा नपार्न, अधिवेशन गरेका भ्रातृ संगठनबाट मात्र महाधिवेशनमा मात्र प्रतिनिधित्व गराउन माग गरिएको छ।

तर देउवाले पौडेल समूहको माग सम्बोधन गर्ने संकेत गरेनन् । बरु नाम दिन आग्रह गरे । पौडेलले तत्काल जवाफ फर्काए, विभाग गठन स्वीकार्य छैन, नाम पनि दिन्नौं।

जवाफमा देउवाले उनलाई धन्यवाद दिए । पौडेलले नाम नदिए सबै विभाग तथा निकायमा गरेर आफूले २५ सय नेता कार्यकर्तालाई मनोनित गर्न पाउने भन्दै उनले भने, रामचन्द्रजीलाई धन्यवाद, धन्यवाद। मेरो हजार भोट बढ्छ।

उपसभापति विमलेन्द्र निधिले पनि नाम नदिंदा पौडेल समूहलाई नै घाटा हुने बताए । जवाफमा पौडेल समूहका नेताहरूले भने तपाईहरूको भोट धेरै बढ्यो भने बल्ल देउवा समूहबाटै सभापतिका दुई जनाको उम्मेदवार हुन्छ भनेका थिए।

भेटका त्रममा पार्टी अनुशासनको कारबाही लगायतका विषयमा समेत विवाद भएको थियो । र, आफूहरूले उठाएको मुद्दामा सभापति गम्भीर नदेखिएपछि पौडेल समूहका नेताहरूले पत्रकार सम्मेलन गरेर आफनो धारणा राखेका छन्।

विभागहरू गठनलाई धेरैले पदको झगडाको रुपमा मात्र बुझे । सभापतिले महाधिवेशन प्रभावित गर्न खोजेको स्थापित गर्न सकेका थिएनौं । त्यसैले पब्लिकमा जानुपर्छकि भन्ने थियो पौडेल समूहका एक नेता भन्छन्, आज सभापतिलाई भेट्दा उहाँले गम्भीर रुपमा नलिएपछि पत्रकार सम्मेलन गर्न बाध्य भयौं।

## महाधिवेशनको मुद्दा बनाउँछौं : पौडेल

पत्रकार सम्मेलनमा वरिष्ठ नेता पौडेलले आफूहरुको उठाएको विषय दलीय झगडा नभएको बताएका छन् । यो नीतिगत र पार्टीलाई लोकतान्त्रिक बनाउने मुद्दा हो नेता पौडेलले भने, महाधिवेशनमा धाँधली हुन नदिन सजग रहन र महाधिवेशन प्रभावित पर्ने खेलबाट बच्न सबै साथीहरूलाई आग्रह गर्छु।

तपाईंको कुरा देउवाले सुनेनन् भने के गर्नु हुन्छ भन्ने प्रश्नमा उनले भने, जति गर्दै जानुहुन्छ, त्यति दबाब बढाउँदै जान्छौं। महाधिवेशसम्म मुद्दाकै रुपमा लैजान्छौं।

आगामी महाधिवेशनमा आफ्नो समूहबाट सभापति एउटै उम्मेदवार हुने समेत उनले बताए।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

## धनगढीमाई नगरपालिका कार्यालय, सिरहा


# राजनीतिक दलको ठहर, वीरगन्जमा विषम प्रस्थिति देखा पर्‍यो

**वीरगञ्ज।** पर्साका क्रियाशिल राजनीतिक दलले कोरोना भाइरस (कोभिड१९) संक्रमण नियन्त्रण गर्न चिकित्सकसहितको विज्ञ टोली तत्काल वीरगञ्ज पठाउन माग गरेका छन् । जिल्लामा कोरोना संक्रमितको संख्या दिनानुदिन अत्याधिक बढ्दै गइरहेकोमा गम्भीर चिन्ता व्यक्त गर्दै उनीहरुले विज्ञ टोलीमार्फत संक्रमण नियन्त्रण र संक्रमितको व्यवस्थापन गरी दिन स्वास्थ्य मन्त्रालयसँग आग्रह गरेका छन् ।

पर्सा र बारामा बुधबार मात्रै चिकित्सक, स्वास्थ्यकर्मी, नेपाली सेना लगायत ५३ जनामा कोरोना पुष्टि भएको छ। बिहीबार जिल्लाका प्रमुख राजनीतिक दल नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष लगायत प्रदेश सांसद, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष र सामाजिक अभियन्तासहितको सर्वपक्षीय बैठकले ५ बुँदे निर्णय गरेको छ।

निर्णयको पहिलो बुँदामै कोरोना महामारी नियन्त्रण गर्नका लागि विज्ञ टोली वीरगञ्ज पठाउन माग गरिएको जसपाका युवा नेता ओमप्रकाश सर्राफले बताए।

वीरगञ्जमा कोरोना संक्रमितको संख्या दिनहुँ बढ्दै गएपछि १ सय भन्दा बढी संक्रमित घर घरमै छन् । ५० बेडको कोरोना विशेष अस्थयी अस्पताल गण्डकमा ६० जना भन्दा बढी संक्रमितलाई राखिएको छ । लक्षणसहितका संक्रमित बढी देखिएकोले अवस्था जटिल बन्दै गएको जनस्वास्थ्य विज्ञहरु बताउँछन् । क्वारेन्टिन भनी बनाइएको स्कुलमा संक्रमित छन्।

बैठकले अरु पनि नीजि अस्पताललाई लिएर कोभिड अस्पताल बनाउन संघ सरकारसँग माग गरेको छ। दिनहुँ सयौं कोभिड संक्रमित देखिन थालेको छ। कोभिड विशेष अस्पतालमा बेडको अभावमा भर्ना हुन नपाएर संक्रमित उपचारबाट बञ्चित छन्। विषम परिस्थिति देखा परेको छ, उनीहरुले भनेका छन्, संक्रमितको लागि थप कोभिड अस्पताल जरुरी छ। नेशनल मेडिकल तथा शिक्षण अस्पताल, वयोधा अस्पताल, वीरगञ्ज हेल्थ केयर अस्पताल लगायत मध्ये कुनै निजी अस्पताललाई लिएर कोभिड विषेश अस्पतालको रुपमा व्यवस्थापन र सञ्चालन गर्नुपर्ने देखिन्छ।

बैठकले नारायणी अस्पतालको बन्द सेवा सुरक्षा अपनाएर सुचारु गर्न, नारायणी अस्पताललाई रुटिङ हेल्थ सर्भिस अर्थात जनरल अस्पताल कै रुपमा सुचारु राख्नुपर्नेमा जोड दिनुको साथै वीरगञ्जमा विद्युतिय शवदाह गृह स्थापना गर्न पहल गर्ने निर्णय पनि गरेको छ।

सम्पूर्ण सुरक्षा अपनाएर गरिने शवदाहमा कोही कसैले विरोध नगरिदिन बैठकले अनुरोध गरेको नेपाली कांग्रेसका पर्सा सभापति अजय द्विवेदीले जानकारी दिए । मृत्युपछि सम्मानजनक शवको अन्त्येष्टि हुनु पर्दछ। मानिसको मृत्यु सत्य हो। तर अहिले महामारीको बेला शवदाहमा अवरोध गर्नु कदाचित् मानवता, समाजिकता र धार्मिक रीति रिवाज विरुद्धको कार्य हो,३ उनले भने, शवदाहमा सघाउनु हामी सबैको दायित्व र जिम्मेवारी पनि हो। सम्पूर्ण सुरक्षा अपनाएर गरिने अन्त्येष्टिले कसैलाई कुनै हानी नोक्सानी हुँदैन। त्यसैले विरोध नगरिदिन हामीले आग्रह गरेका छौं ।

बैठकमा जसपाका अध्यक्ष राम नरेश यादव, नेकपाका प्रतिनिधि महेश दास, प्रदेश सांसद ओम प्रकाश शर्मा, राजेश्वर साह तेली, डा. अन्जु यादव, जन्नत अन्सारी, वीरगञ्ज उघोग वाणिज्य संघका अध्यक्ष गोपाल केडिया, प्रा. लालन द्विवेदी, वीरगञ्ज युवा समाजका अध्यक्ष कमल चौगाईं, वृजेश्वरप्रसाद चौधरी लगायत सहभागी थिए।

# वीरगञ्जमा थप दुई जनाको मृत्यु

कोरोना भाइरस (कोभिड–१९) को संक्रमणबाट नेपालमा थप दुई जनाको मृत्यु भएको छ । यससँगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ५१ पुगेको छ। पर्सामा मात्रै कोरोना संक्रमणका कारण ७ जनाको मृत्यु भएको छ। बुधबार विहान ६८ वर्षीय पुरुषको कोरोना विशेष गण्डक अस्पतालमा र दिउँसो ७१ वर्षीय पुरुषको नेशनल मेडिकल कलेजमा मृत्यु भएको हो नारायणी अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायले जानकारी दिए।

७१ वर्षका पुरुष पखाला लागेर उपचारका लागि विभिन्न अस्पताल हुँदै नेशनल मेडिकल कलेजमा पुगेका थिए । उनको मिर्गौलामा समेत समस्या देखिएको थियो । उनको साउन ११ गते आइतबार नै पीसीआर विधिबाट कोरोना परीक्षणका लागि स्वाब दिइएको थियो। उनको पैसा तिरेर परीक्षण गराइएको परिवारका सदस्यले बताएका छन्।

वृद्धको उपचारकै क्रममा मृत्यु भएको नेशनल मेडिकल कलेजका कोभिड फोकल पर्सन डा. असरफ हुसैनले जानकारी दिए। किड्नीसम्बन्धी समस्या सँगै निमोनिया पनि रहेछ। अवस्था गम्भीर थियो३ उनले भने आउनेबित्तिकै अक्सिजन दिनुपर्‍यो, भेन्टिलेटरमा राखेर पनि उपचार गर्‍यौं तर बचाउन सकेनौं। अर्का मृतक ६८ बर्षीय पुरुष भने मुटु र निमोनियाका बिरामी रहेको गण्डक कोभिड अस्पतालका कोअर्डिनेटर डा. उदयनारायण सिंहले जानकारी दिए। एडभान्स अस्पतालमा उपचारको क्रममा साउन ७ गते उनमा कोरोना संक्रमण पुष्टि भएपछि उनलाई भोलिपल्ट कोभिड विशेष अस्पतालमा भर्ना गरिएको थियो।

# विश्वकै धनी जेफ बेजोसको खुलासा : जागिर छाडेर कम्पनी खोल्दा हाकिमले के भने ?



अमेजन कम्पनीका संस्थापक तथा सीईओ जेफ बेजोस अहिले विश्वका सर्वाधिक धनी व्यक्ति हुन्। उनै बेजोसले अमेजन कम्पनी स्थापनाकालका संघर्ष तथा आफ्नो व्यक्तिगत जीवनका विषयमा विभिन्न तथ्यहरुको खुलासा गरेका छन्।

अमेरिकी कंग्रेसमा भएको सुनुवाइका क्रममा उनले अमेजन कम्पनीको स्थापना गरी हालको अवस्था सम्म ल्याइ पुर्‍याउँदा सम्मको विगतसमेत कोट्याएका छन्।

न्युयोर्कस्थित एक इन्भेस्टमेन्ट कम्पनीको राम्रो पारिश्रमिक सहितको जागिर छाडेर सन् १९९४ मा बेजोसले अमेजन कम्पनी स्थापना गरेका थिए।

कांग्रेसको वाणिज्य तथा प्रशासनिक कानून सम्बन्धी उपसमितिमा दिएको बयानका क्रममा उनले भनेका छन्, दशौं लाख शीर्षकसहित अनलाइन बुक स्टोर स्थापना गर्ने अवधारणा जो त्यसअघि कहिल्यैपनि अस्तित्वमा थिएन मेरो लागि निकै उत्साहवर्धक थियो।

आफ्नै कम्पनी स्थापना गर्ने सोँचका साथ उनले जागिरबाट राजीनामा दिन लागेको कुरा जब इन्भेस्टमेन्ट कम्पनीका आफना हाकिमलाई सुनाए तब उनका हाकिम छक्क परे। अमेजन जस्तो कम्पनी खोल्ने कुरा कुनै राम्रो जागिर नभएको मानिसका लागि मात्र उपयुक्त हो सोचाई उनका हाकिमको थियो।

जब मैले आफूले जागिर छाड्न लागेको कुरा हाकिमलाई बताएँ तब हाकिमले मलाई सेन्ट्रल पार्कमा लामो पैदल यात्रामा डुलाए। धेरै बेरसम्म मेरो कुरा सुनिसकेपछि उनले भने, तिमीलाई थाहा छ जेफ, हुनत यो राम्रो आइडिया हो तर यो त्यस्तो मान्छेका लागि उपयुक्त हुन्थ्यो जो सँग राम्रो जागिर छैन।

साथै उनका हाकिमले जागिरबाट राजीनामा दिने कुराबारेमा पुनर्विचार गर्न दुई दिनको समय दिए।

तर बेजोसले अमेजन कम्पनी स्थापना गर्ने दृढ निश्चय गरिसकेका थिए। उनी इन्टरनेट दौडमा सहभागी नहुँदाको पश्चाताप खेप्ने पक्षमा थिएनन्। उनलाई इन्टरनेटबाट हुने व्यवसायको ठूलो भविष्य छ भन्ने निश्चित भैसकेको थियो।

बेजोसले आफनो र आफनो अभिभावकहरुले समेत जीवनभर कमाएको बचत खर्चिएर अमेजन कम्पनी खडा गरे। बेजोस भन्छन्, मेरा बुवाआमा अमेजन कम्पनी वा इन्टरनेटको किताब पसलको आइडियामा जुवा खेलिरहेका थिएनन्। उनीहरु आफनो छोरामाथि दाउ लगाइरहेका थिए। यस्तो दाउमा हार्ने सम्भावना ७० प्रतिशत छ भनेर मैले भन्दा पनि उनीहरुले दाउ लगाइछाडे।

अमेजनमा लगानी गर्नका लागि मानिसहरुलाई सहमत बनाउन पनि उनलाई निकै कठिन भयो। पहिलो पटक १० लाख डलर लगानी उठाउन उनले लगातार ५० वटासम्म बैठक गर्नुपर्यो। उनका अनुसार त्यतिबेला सबैजसो मानिसले सोध्ने साझा प्रश्न थियो र यो इन्टरनेट भनेको के हो ?

स्थापना भएदेखि सन् २००१ सम्म अमेजन कम्पनी घाटामै थियो। सन् २००१ को अन्त्यसम्ममा अमेजन कम्पनीको कूल घाटा ३ अर्ब डलर पुगेको थियो। तर सोही वर्षको चौथो त्रैमासिकमा अमेजनले पहिलोपटक मुनाफा कमाएको थियो। त्यसपछि भने अमेजन पछाडि फर्किनुपरेन।

अमेजनको सफलतामा आफूलाई धेरै व्यक्तिहरुले सुरुआतदेखि नै सहयोग गरेको र आफुसँगै जोखिम बहन गरेको बेजोसले बताएका छन्।—एजेन्सी

# प्रदेश २ मा फेरि लकडाउनको माग

**जनकपुरधाम।** पछिल्लो समय प्रदेश २ मा कोरोना संक्रमितको संख्या बढ्दै गएको छ। बुधबार सम्मको तथ्यांकलाई हेर्ने हो भने यस प्रदेशमा ३६१ महिलासहित ४ हजार ५ सय ४४ जना संक्रमित देखिएका छन्। संक्रमितमध्ये १२ जनाको मृत्युसमेत भएको छ।

कुल २६ हजार ४ सय ७ जनाको स्वाब संकलन गर्दा २ हजार ५२१ जनाको नतिजा आउन बाँकी छ। बुधबार सामाजिक विकास मन्त्रालयका तीनजना कर्मचारीमा समेत संक्रमण देखिएको छ।

पहिला बिना लक्षणका संक्रमित देखिए पनि अहिले प्रदेशमा कोरोनाको लक्षणसहितका संक्रमितहरु देखिन थालेका छन्। लक्षणसहितको संक्रमण एकाएक बढ्न थालेको प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

संक्रमणको जोखिम बढ्न थालेपछि फेरि लकडाउनमा जानुपर्ने स्थिति आउन लागेको विज्ञले सुझाएका छन्।

यसअघि इम्यूनिटी पावर राम्रो रहेकाले किशोर तथा युवा उमेरका व्यक्ति संक्रमित नहुने चर्चा भए पनि अहिले जुनसुकै उमेर समूहका व्यक्ति संक्रमित हुन थालेका छन्।

स्वास्थ्य निर्देशनालयका सहनिर्देशक विजय झा जुनसुकै उमेर समूहमा लक्षणसहितको संक्रमण देखिन थालेको बताउँछन्। धनुषाको शहीद नगरपालिका वडा नम्बर ८, डुमरियाका ३८ वर्षीय पुरुषको कोरोना संक्रमित भएर मृत्यु भएको घटनाले यहाँ जुनसुकै उमेर समूहका व्यक्ति कोरोना संक्रमित भइरहेको देखाउँछ। ती पुरुषमा अधिक कोरोना भाइरसको मात्रा देखिएको थियो।

प्रदेश सरकारले कोरोना भाइरस सम्बन्धी सुझाव दिन बनाएको विज्ञ समूहका चिकित्सक डा. रामकेवल साह पनि प्रदेशमा देखिएका संक्रमितमध्ये १५ देखि २० प्रतिशतमा लक्षण देखिन थालेको बताउँछन्। अहिले संक्रमितको स्वरुप बदलिएको छ, साह भन्छन्, पहिला कोही बाहिरबाट संक्रमित भएर आउँथे र उनको जाँच गरी आइसोलेसनमा राखिन्थ्यो, अहिले भने समुदायस्तरमै लक्षणसहितको भाइरस देखिन थालेको छ।

पहिला अन्यत्रबाट संक्रमण फैलिने डर थियो अहिले आ नै ठाउँमा फैलिने डर रहेको बताउँदै उनले भने, कुनै न कुनै घरका व्यक्ति कुनै न कुनै कामका लागि बजार जान्छन्। तर, ती मान्छे बाहिरबाट संक्रमित भएर आए आ नो घरका बालबच्चालाई सार्न सक्छन्। बालबच्चा अर्काको घरमा खेल्न गए त्यहाँ सार्न सक्छ, त्यसैले यो डरलाग्दो स्थिति हो।

योबेला गम्भीरतापूर्वक ध्यान नदिइए र सावधानी नअपनाइए ठूलो मूल्य चुकाउनुपर्ने बताउँछन् डा. साह। यसका निम्ति तीनवटैतहको सरकारले चनाखो हुँदै तयारी गर्नुपर्ने उनको सुझाव छ।

सर्वसाधारणले पनि आफ्नो बानी, व्यवहारमा परिवर्तन ल्याउनु जरुरी रहेको बताउँदै डा. साह भन्छन्, अन्यथा कोरोना यो प्रदेशको सबैतिर सर्न सक्छ।

यसकारण अत्यन्तै जोखिममा छ प्रदेश

प्रदेशको पूर्वी शहर राजविराज र पश्चिमी शहर वीरगञ्ज पछिल्ला दिन कोरोना संक्रमणका कारण आक्रान्त बनेको छ। यी दुवै शहरमा भारतबाट आएका व्यक्तिबाट संक्रमण फैलिएको छ। संक्रमण फैलिएपछि दुवै शहरमा लकडाउन गरिएको छ। बीचका अन्य शहर र जिल्ला भने त्रसित भएका छन्।

यता, धनुषाको शहीद नगरपालिकाको डुमरियामा १ जनाको कोरोना संक्रमणकै कारण मृत्यु भएपछि यहाँ पनि समुदायस्तरमा संक्रमण फैलिने त्रास छ। डुमरियाको मृत्युले कोरोना धनुषामा पनि समुदायस्तरमा फैलिइसकेको देखिन्छ डा. साह भन्छन्, सबै निकाय, सरोकारबालादेखि आम जनता समेतले सावधानी अपनाउनु अति जरुरी छ।

प्रदेश २ को आठवटै जिल्ला भारतीय सीमासँग जोडिएको छ। डा. साह सबै जिल्ला भारतीय सीमासँग जोडिनु, ३ प्रतिशत भू–भागमा रहेको प्रदेशमा २० प्रतिशत जनसंख्या रहनु, वैदेशिक रोजगारीमा यही प्रदेशका बढी रहनु र सबैभन्दा गरिबी रहेका कारण यो प्रदेश कोरोनाको बढी जोखिममा रहेको बताउँछन्।

यी कारणले गर्दा यहाँ संक्रमण बढी फैलिन सक्ने उनी बताउँछन्। पहिलो चरणमै नियन्त्रण गर्नका लागि लकडाउन गरिए पनि त्यसबेला नियन्त्रण हुन नसकेको साहले बताए।


"Educate the world, govern the world"

Dynamic Institute & Coaching Centre

Lahan-3, Siraha (लहान थानादेखि १०० मिटर दक्षिण संकल्प स्कुल जाने बाटोमा)

लोक सेवा आयोग, शिक्षक सेवा आयोग, विभिन्न बैंकिङ्ग सेवाका साथै अन्य सबै सेवाका तयारी कक्षाहरु :

लोक सेवा आयोग (शाखा अधिकृत, नायब सुब्बा, खरिदार, प्रा.स., महिला विकास, वि.नि.) राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, शिक्षक सेवा आयोग, अनुसन्धान प्रहरी, प्रहरी सेवा लगायत सम्पूर्ण सेवाहरुका तयारी कक्षाहरु गराईन्छ।

यस बाट २०७६ को लोक सेवा र शिक्षक सेवा आयोगबाट सफल भएका सम्पूर्ण उम्मेदवारहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछौ।

लोक सेवा तर्फ

१. अन्जनी चौधरी-नायव सुब्बा
२. अबिर चौधरी-नायव सुब्बा
३. सुजित पासवान-नायव सुब्बा
४. धर्मेन्द्र कुमार मण्डल-नायव सुब्बा
५. सीमा कुमारी यादव-खरिदार



शिक्षक सेवा तर्फ

१. राम बाबु यादव-मा.वि.
२. बसन्त कुमार साह-नि.मा.वि.
३. संजय कुमार दास-नि.मा.वि.
४. ममता कुमारी ठाकुर-प्रा.वि.
५. शोभानन्द चौधरी-प्रा.वि.
६. शुभलता चौधरी-प्रा.वि.
७. रविना कुमारी साह-प्रा.वि.
८. महेश कुमार चौधरी-प्रा.वि.
९. निलम चौधरी-प्रा.वि.
१०. दिपेन्द्र साह-प्रा.वि.

9807718656, 9811985685, 9804777304, 9807786897, 9815753575, 9817849901


## कोरोना भाइरस रोग (कोभिड–१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं।
- बाँझो जग्गामा बोटविरुवा रोपौं।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं।

**दलित जनकल्याण युवा क्लब लहान–१४ द्वारा जनहितमा जारी**

## सूचना

जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाको सम्पूर्ण उद्योगी व्यवसायीहरुमा निम्न अनुसार पालना गरी व्यवसाय संचालन गरी दिन हुन अनुरोध छ।

१ सरकारले तोकेको कार्यालयबाट व्यापार/उद्योगको दर्ता गरी व्यवसाय सुरु गर्नु पर्नेछ।

२ आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा PAN प्रमाण–पत्र लिई मात्र व्यवसाय सुरु गर्नु पर्नेछ।

३ कर पाटी र PAN दर्ता प्रमाण–पत्र सबैले देख्ने स्थानमा अनिवार्य रुपमा टाँस्नु पर्नेछ।

४ समान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल, बिजक जारी गर्नु पर्नेछ।

५ स्थानीय सरकार र उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता गराई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ।

६ अन्तशुल्क लाग्ने वस्तु बिक्री वितरण गर्न अन्तशुल्क इजाजत प्रमाण–पत्र लिई अन्तशुल्कको स्टीकर भएको समान (जस्तो सुर्तिजन्य वस्तु आदि) मात्र बेच्नु पर्नेछ।

७ PAN/VAT मा दर्ता हुने व्यवसायीले खरिद बिक्री खाता र स्टोक मिलाएर राख्नु पर्नेछ।

८ उपरोक्त नियम पालना गरी व्यवसाय संचालन गर्नु भएमा जरिवानाबाट छुटकारा पाउनु हुनेछ, अन्यथा जरिवाना लाग्नेछ।

**जिल्ला उद्योग वाणिज्य संघ**
जिल्ला कार्य समिति सिरहा, लहान
(सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ)

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : लहानपोस्ट् दैनिक कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)